# सखुवानन्कारकट्टी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सखुवानन्कारकट्टी, सिरहा
प्रदेशनं. २,नेपाल

पत्र संख्या : २०७७/०७८
चलानी नं.: ३६९

मितिः २०७७।०६।१५ गते

**विषय :-उपभोक्ता समिति गठन गरी सम्झौताको लागि पठाईदिने बारे ।**

**श्री ५ नं. वडा कार्यालय ,**
**सखुवानन्कारकट्टी गाउँपालिका, सिरहा ।**

उपरोक्त सम्वन्धमा यस सखुवानन्कारकट्टी गाउँपालिकाको चालु आ.व.२०७७/०७८ का लागि गाउँसभाबाट स्वीकृत भएको दलित वस्तीमा सामुहीक आवास निर्माण वडा नं. ५ (वजेट रु. ४० लाख) योजनाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७६ अनुसार अनिवार्य रुपमा ७ (सात) दिनको सार्वजनिक सुचना आह्वान गरी आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आमभेलाबाट तपसिलका शर्त सहित उपभोक्ता समिति गठन गरी सम्झौता गर्नका लागि यस कार्यालयमा मिति २०७७ कात्तिक १५ गते भित्र पठाई दिनु हुन अनुरोध छ। साथै तोकिएको म्याद पश्चात सम्झौता का लागि पेश भए गाँउपालिका कार्यालय जिम्मेवार नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

शर्तहरु

१. वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्यको रोहवरमा उपभोक्ताहरुको भेला गर्नु पर्ने ।
२. उपभोक्ता समितिवाट आयोजना कार्यान्वयन र संचालन गर्दा आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने घर परिवारको पहिचान गरी त्यस्ता परिवारको आम भेलावाट सम्वन्धित आयोजना स्थलमा नै सात देखी एघार सदस्य उपभोक्ता समिति गठन गर्नु पर्ने छ।
३. स्थानीय तहका वहालबाला पदाधिकारी, वहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा वेरुजु फछ्यौंट नगरेका व्यक्तिहरु, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पत्ति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।
४. उपभोक्ता समितिका सदस्यहरुमा कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव, र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुन पर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनुका साथै उपभोक्त समितिमा आवद्ध व्यक्तिहरु सामान्यताया साक्षर हुन पर्ने छ।
५. एउटै समयमा एक व्यक्ति एकभन्दा वढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै एकासंगोलका परिवारवाट एकजना भन्दा वढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।
६. उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ ।
७. काम नै नगरी वा वास्तविक कामभन्दा वढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको लागत अनुमान भन्दा वढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सुचीमा राखी कारवाही गर्नुको अतिरिक्त सम्वन्धित प्राविधिकलाई समेत कारवाही गर्नु पर्नेछ ।
८. उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।
९. उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरु श्रममुलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनुपर्ने छ।
१०. श्रममूलक प्रविधिवाट कार्य गराउने लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशीनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समिति सँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।

.................
राजीव कुमार भत्र
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्रीमान गा.पा. अध्यक्ष/उपाध्यक्ष ज्यू, सखुवानन्कारकट्टी गा.पा., सिरहा ।
श्री वडा अध्यक्ष ज्यु सखुवानन्कारकट्टी गा.पा. वडा नं. ५, सिरहा ।
श्री सुचना प्रविधि शाखा, सखुवानन्कारकट्टी गा.पा., सिरहा website र facebook मा अपलोड गरी दिनु हुन ।



Scanned with CamScanner